# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र १ गते २०१५ साल

### अर्थमन्त्रालयको सूचना

हात्तीसारका कर्मचारीहरू मध्ये निम्न लेखिएका पदका कर्मचारीहरूको निम्नलेखिएबमोजिम तलब—स्केल पाउने भइरहेकोमा निम्नलेखिए बमोजिम तलब-स्केल ठेकी दिने स कारबाट ०१४।११।१७।६ मा निर्णय भई आएकोले यो सूचना प्रकाशित गरिएको छ ।

| | साबिकको तलब-स्केलको | बदला | हाललाई तलब-स्केल |
|---|---|---|---|
| दारोगाके | ३५—६० | ,, | ४०—७० |
| मुल राउत | २७—३५ | ,, | ३५—६० |
| राउत | २७-३५ | ,, | ३०—४५ |
| फानित | २२-२७ | ,, | २७—३५ |
| धापी | २२-२७ | ,, | २५—३० |

आज्ञाले—
नीरराज,
सचिव—अर्थमन्त्रालय.



४६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अर्थमन्त्रालयको सूचना

तपसील बमोजिमको कुरा सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

तपसील

१. नेपाल राष्ट्र बैंक काठमाडौं बैंकिङ अफिसका गणेश बहादुर थापा ०१५।३।१६ देखि ०१५।४।२१ सम्म काजमा रहंदा निजको अनुपस्थितिमा सोही अफिसका हेड असिष्टेण्ट तोम बहादुरले कायम मुकायम सब एकाउण्टेण्ट पदको कार्यभार सम्हालेको।

२. नेपाल राष्ट्र बैंक काठमाडौं बैंकिङ अफिसका सब-एकाउण्टेण्ट गणेश बहादुर थापा २२।४।०१५ देखि केन्द्रीय अफिसको असिष्टेण्ट एकाउण्टेण्ट पदमा सरूवा भएकाले निजको स्थानमा र केन्द्रीय अफिसका अप्रेण्टिस अफिसर श्री अच्युत प्रसाद पौडयाल उक्त बै. अ. पि. को सबएकाउण्टेण्ट पदमा सरूवा भई कार्यभार सम्हालेको।

३. नेपाल राष्ट्र बैंक भद्रपुर उपशाखाका क्या. भगतबहादुरशाही मिति ०१५।४।१६ मा क्याजुयल बिदामा बस्नु भएकाले सो दिन १ सोही अफिसका अ. केशव प्रसादले का. मु. क्याशियर भई कार्यभार सम्हालेको।

आज्ञाले—
नीरराज,
सचिव—अर्थमन्त्रालय,

## अर्थमन्त्रालयको सूचना

१. ने. रा. बैंक नेपालगञ्ज उपशाखा शिघ्र खुलिने भएको हुनाले श्री ५ को सरकारको ०१५।३।१६ का निर्णय मुताबिक बाँके बर्दिया जिल्लामा रहेका सरकारिया अडाखाना, गैर सरकारी संस्था लगायत [illegible]गैन्हले सरकारी रकम सम्बन्धी बाँके मालमा दाखिल गरी आएकोमा अब नेपाल राष्ट्रबैंकको उपशाखा खुलेका मिति देखि उप्रान्त बाँके मालमा दाखिल गर्नुको सट्टा नेपाल राष्ट्र बैंकको नेपालगञ्ज उपशाखामा दाखिल गर्नु र वही बुझ्ने अड्डाहरूले पनि सोबमोजिम दाखिल भएको रसीद भिडाइ मालमा दाखिल गरे सरह मिन्हा मोजरा दिने गर्नु गराउनु।

४६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. रकम रकमका आमदानी लेखिएबमोजिम राष्ट्र बैंकको नेपालगञ्ज उपशाखामा दाखिल गर्न पठाउँदा रकम रकमको छुट्टै चलानीहरू गरी चार प्रति चलानी गरी पठाउने र नेपाल राष्ट्र बैंकको नेपालगञ्ज उप शाखाले चारै प्रतिमा अफिसर इन्चार्ज र क्यासियरको सही र नेपाल राष्ट्र बैंक नेपालगञ्ज उप शाखाको छाप लगाई १ नं. र ४ नं आफू काहाँ राखी तेस मध्ये ४ नं. प्रति स्टेटमेन्टको साथै बाँके बर्दिया गोस्वारको एकाउन्टेन्ट फाँटमा पठाउने र १ नं हिसाबको निमित्त आफू काहाँ राखी २ नं ३ नं रूपैयाँ दाखिल गर्न ल्याउनेलाई दिनेछन् । सो २ नं र ३ नं चलानीमा २ नं १ प्रति बही बुझाउने कामकोलागि आफू कहा राखी बाकी ३ नं को १ प्रति बाँके बर्दिया गोस्वारामा कभर उसै दिन नभ्याए मा भोलिपल्ट सम्म पठाउने गर्नु र रकम रकमको आमदानी दाखिल गर्न पठाउँदा चलानीको पिठमा यस किसीमबाट आमदानी हुन आएको भनी (आवार्जे चलन भएकाले आवार्जे बमोजिम र नहुनेहरूले यथा संभव) कच्चा खोली पठाउने गर्नु गराउनु ।

३. सो चलानी फाराम मोरू र भारूको लागि छुट्टा छुट्टै छपाई नेपाल राष्ट्र बैंक नेपालगञ्ज उपशाखा बाट वितरण हुनेछ । सम्बन्धित अड्डा हरूले चाहिए बमोजिमको फारम नेपाल राष्ट्र बैंक नेपालगञ्ज उपशाखाबाट लिई झिकाई काम चलाउने गर्नु ।

४. अड्डारूलाई साल बसाली वा पटके खर्चको रूपमा जिम्मा वारी जाने कलमहरू चेक द्वारा मिल्ने हुँदा अड्डाहरुले पनि चेक पाएपछि सो चेकबाट आफ्ना अड्डाका नाममा नेपाल राष्ट्र बैंक नेपालगञ्ज उपशाखामा खाता खोली यथासम्भव नगद झिकी ल्याई आफ्ना तहविलमा नराखी चेकद्वारा खर्च गर्ने गर्नु ।

५. उक्त दफा ४ बमोजिम विभिन्न अड्डाहरूले खाता खोल्दा हाकिम र हाकिम देखि मुनिको १ जना कर्मचारीको संयुक्त दस्तखतबाट अपरेट गर्न गरी खाता खोल्नु । खाता खोल्ने दर्खास्त फाराम बैंकबाट पाईनेछ सो फाराममा लेखिए बमोजिमको समर्थन गर्ने काम मालको गोस्वाराका बडाहाकिमले र अरू सबैको मालको हाकिमले गर्ने गर्नु ।

६. उक्त बैंकबाट रोज रोज जहा जहा बाट जे जती रुपैयाँ दाखिल हुन आएको छ । रकम रकमको पृथक पृथक देखिने गरी सकभर उसै दिनमा र नसकेमा

४६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोल्लिपल्ट सम्ममा गोस्वाराया ४ नं को चलानीसाथ स्टेटमेण्ट दाखिल गरिवक्नुपर्छ ।

७. मौज्दात दाखिल गर्ने म्यादको हकमा असुल तहसील आम्दानी भएको रूपैया यो यति सम्मम वा यति पुगेपछि मालमा दाखिल गर्नु भने भै रहेकोमा सोहीबमोजिम माथि २ दुइ दफाबमोजिम रीत पुर्‍याई नेपाल राष्ट्र बैंक नेपालगञ्ज उपशाखामा दाखिल गर्नुपर्छ । मालका मौज्दातको हकम सकभर मोल्लिपल्ट र नम्बर ३ तीन दिनभित्र से नेपालगञ्ज उपशाखामा दाखिल गरिवक्नुपर्छ ।

आज्ञाले —
नीरराज,
सचिव–अर्थमन्त्रालय

## अर्थ ( आय ) मन्त्रालयको सूचना

स्क्रेप आइरनको निकासी बन्द गर्ने बारे ०१५।३।८ को खण्ड ८ सख्या ११ को नेपाल गजेट भाग ४ मा प्रकाशित भएको यस मन्त्रालयको सूचना मा "स्क्रेप आइरन" ( Scrap Iron ) भन्न ले हरेक किसिमको फलाम ( ढलौट समेत ) को काम नलाग्ने टुक्रा टुक्रो भएको हुनाले कुनै किसिमको फलामको टुक्रा टुक्री बिदेश निकासी गर्न नपाउने भएकोले सबै भन्सार तथा सबसाधारणलाई ज्ञात होस भन्ना निमित्त यो सूचना प्रकाश गरिएको छ ।

आज्ञाले—
नीरराज,
सचिव—अर्थमन्त्रालय.

## अर्थ ( मालपोत ) मन्त्रालयको विज्ञप्ति

आर्थिक ऐन, २०१४, बमोजिम सब किसिमका बिर्तामा लागेको पोत मध्ये ०१४ सालको पोत असूल गर्ने सर्वसाधारण जनतामा राम्रो बोध भ नसकेको नरियाबाट राम्रो असूल हुन नसकेको बुझिइ प्रचार र प्रसारण गरी पटक पटक गरी ०१५ श्रावण मसान्त सम्मको म्याद थप भएकोमा

862

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

6608

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।